# पशु हाटबजार स्थापना/सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७५

**प्रस्तावना:**

पशुपन्छीको अधिकार सुनिश्चित गर्दै आम उपभोक्ता समक्ष स्वच्छ, स्वस्थ्य एवम् गुणस्तरीय पशुपन्छी तथा पशुपन्छीजन्य पदार्थहरू सहज र सरल रूपमा उपलब्ध गराउन प्रदेश स्तरबाट सञ्चालन हुने एक पालिका एक हाटबजार नीति बमोजिम पशुपन्छी बजार सेवालाई सहज, सरल, प्रभावकारी, पारदर्शी र व्यवस्थित रूपमा सञ्चालन गरी वार्षिक स्वीकृत कार्यक्रम कार्यान्वयन गर्न भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय गण्डकी प्रदेशले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद १

१. संक्षिप्त नाम र प्रारम्भ:

१.१ यो कार्यविधिको नाम " पशु हाटबजार स्थापना/सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५" रहेको छ।

१.२ यो कार्यविधि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि प्रदेशभर लागू हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

क) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय गण्डकी प्रदेश सम्झनु पर्नेछ।

ख) "कार्यालय" भन्नाले पशु हाटबजार स्थापना/सुधार कार्यक्रम सञ्चालनको अख्तियारी प्राप्त पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय/भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र/ स्थानीय तहहरूका पशु सेवा शाखाहरू समेत सम्झनु पर्नेछ।

ग) "निर्देशनालय" भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्नेछ।

घ) "साझेदार" भन्नाले पशु हाटबजार स्थापना/सुधार कार्यक्रमको लागत सहभागितामा सञ्चालन गर्नका लागि इच्छुक स्थानीय तह/सहकारी संस्था /समूह/समिति/ निजी क्षेत्र र गैरसरकारी क्षेत्र सम्झनु पर्नेछ।

ङ) "साझेदारी" भन्नाले पशु हाटबजार स्थापना/सुधार कार्यक्रम सञ्चालनका लागि दुई वा दुईभन्दा बढी साझेदार बीच द्विपक्षीय वा बहुपक्षीय सम्झौताका आधारमा हुने लागत सहभागितालाई सम्झनु पर्नेछ।

च) "पशु हाटबजार" भन्नाले माछा तथा जीवित पशुपन्छी वा पशुपन्छीजन्य उत्पादनहरू खरिद बिक्री गर्ने उद्देश्यले यस कार्यविधि बमोजिम स्थापना/सुधार हुने तोकिएको स्थान वा संरचना सम्झनु पर्नेछ।

छ) "प्रस्ताव" भन्नाले पशु हाटबजार स्थापना/सुधार कार्यक्रम सञ्चालनको लागि आवश्यकता अनुसार साझेदारले पेश गरेको विस्तृत लागत अनुमान सहितको कार्य विवरण सम्झनु पर्नेछ।

ज) "ढुवानी साधन" भन्नाले पशुपन्छी तथा मत्स्यजन्य पदार्थहरूलाई सुरक्षित तवरले ओसारपसार गर्ने सुविधायुक्त गाडी सम्झनु पर्नेछ।

३. उद्देश्य: यस कार्यविधिका उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :

३.१ पशुपन्छी, मत्स्य तथा पशुपन्छीजन्य पदार्थको बजार व्यवस्थापनमा सहजीकरण गर्ने।

३.२ स्वस्थ्य तथा निरोगी पशुपन्छी खरिद बिक्री सुनिश्चित गर्दै उपभोक्ताहरूलाई गुणस्तरीय पशुजन्य पदार्थ उपलब्ध गराउने।

३.३ बजार सञ्जाल एवम् व्यवस्थित बजार सूचना प्रणालीको निर्माण गरी प्रतिस्पर्धात्मक बजारको विकास गर्ने।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

सचिव

## परिच्छेद २

### ४. साझेदारी सम्बन्धी व्यवस्था:

४.१ कार्यालयले वार्षिक स्वीकृत कार्यक्रम र बजेट बमोजिम पशु हाटबजार स्थापना/सुधार कार्यक्रम सञ्चालन गर्नको लागि साझेदार संस्थाहरूसँग सम्झौता गर्न/गराउन सक्नेछ। पशु हाटबजार स्थापना/सुधार कार्यक्रमको लागि मेसिनरी यन्त्र/उपकरण खरिद र भौतिक संरचना बनाउने जस्ता कार्य गर्न सकिने छ। तर कुल लागतको कम्तीमा ३० प्रतिशत सहकार्य साझेदार संस्था स्वयंले गर्नु पर्नेछ। साझेदार संस्थालाई कार्य सम्पादन पश्चात कार्यालयले स्वीकृत गरेको कार्यक्रम अनुसारको रकम उपलब्ध गराउनेछ।

४.२ दफा ४ को उपदफा १ मा अधिकतम साझेदारी रकमको जुनसुकै सीमा तोकिएको भए पनि वार्षिक स्वीकृत कार्यक्रम बजेटको परिधिभित्र रही आर्थिक अनुदान प्रदान गरेर कार्यक्रम सञ्चालन गर्न कुनै बाधा पर्ने छैन।

४.३ पशु हाटबजार स्थापना/सुधार कार्यक्रम अन्तर्गत वा मातहतका कार्यालयबाट विगत ५ वर्षभित्र अनुदान लिइसकेको साझेदारहरूलाई उही व्यवसायको लागि छनौट गरिने छैन। यद्यपि पहिले लिएको अनुदान रकम हाल माग गरेको रकमको १५ प्रतिशतभन्दा कम हुन आएमा अनुदान उपलब्ध गराउन बाधा पर्ने छैन।

४.४ एक पटक अनुदान प्राप्त गरेका व्यवसायीले कम्तीमा १० वर्षसम्म व्यवसाय सञ्चालन गर्नु पर्नेछ।

४.५ अनुदानको सदुपयोग भएको नभएको निरीक्षण गर्दा अनुदानको दुरूपयोग भएको पाइएमा प्रचलित कानुन बमोजिम कारवाही हुनेछ।

## परिच्छेद ३

### ५. प्रस्ताव आह्वान र पेश गर्ने विधि:

५.१ कार्यालयले स्वीकृत कार्यक्रम अनुसार ३० दिने सार्वजनिक सूचना प्रकाशन गरी पशु हाटबजार स्थापना/सुधार कार्यक्रम सञ्चालनको लागि **अनुसूची १** बमोजिम प्रस्ताव आह्वान गर्नेछ। यस्तो सूचना राष्ट्रिय दैनिक पत्रिका, स्थानीय तहको सूचना पाटी, कार्यालयको सूचना पाटीमा र वेवसाइटमा समेत प्रकाशित गर्नु पर्नेछ।

५.२ इच्छुक साझेदारहरूले सूचनामा उल्लेख भए बमोजिमको अवधिभित्र **अनुसूची २** बमोजिमको प्रस्ताव, **अनुसूची ३** बमोजिमको संक्षिप्त व्यवसायिक कार्ययोजना, **अनुसूची ४** बमोजिमको लागत साझेदारी गर्ने प्रतिबद्धता पत्र, **अनुसूची ५** बमोजिमको सम्बन्धित निकायको सिफारिस र **अनुसूची ६** बमोजिम निवेदन सहित निर्धारित समयभित्र सम्बन्धित कार्यालयमा प्रस्ताव दर्ता गर्नु पर्नेछ।

५.३ उत्पादन सहकारी, उपभोक्ता सहकारी तथा बजार व्यवस्था सहकारीलाई विशेष प्राथमिकता दिइनेछ।

### ६. प्रस्ताव छनौट:

६.१ प्रस्ताव छनौट गर्नको लागि **अनुसूची १०** बमोजिमको छनौट समिति रहनेछ।

६.२ दफा ५ बमोजिम पेश हुन आएका प्रस्तावहरू **अनुसूची १०** बमोजिमको छनौट समितिले **अनुसूची ७** बमोजिम निर्धारित मापदण्ड तथा स्थलगत अनुगमनका आधारमा उपयुक्त प्रस्तावहरू छनौट गर्नेछ।

६.३ यसरी छनौट हुन सफल भएका आवेदकसँग १५ दिनभित्र द्विपक्षीय सम्झौता सम्पन्न गरिनेछ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

७. **द्विपक्षीय सम्झौता:**

७.१ दफा ६ बमोजिम छनौट भएका आवेदकहरूसँग पशु हाटबजार स्थापना/सुधार कार्यक्रम सञ्चालन गर्न **अनुसूची ८** बमोजिमको द्विपक्षीय सम्झौता गरिनेछ।

७.२ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय/पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयको तर्फबाट सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले समेत प्रथम पक्षको आधिकारिक प्रतिनिधिको रूपमा सम्बन्धित साझेदारसँग द्विपक्षीय सम्झौता गर्न सक्नेछ।

७.३ द्विपक्षीय सम्झौता पत्रमा उल्लिखित बुँदाहरूलाई साझेदारी कार्यक्रम सञ्चालनको मूल आधार मानिनेछ।

८. **भुक्तानी प्रक्रिया:**

८.१ पशु हाटबजार स्थापना/सुधार भएको आधारमा बढीमा ३ किस्तामा (रनिङ् बिलका आधारमा २ किस्ता र कार्य सम्पादन प्रतिवेदनका आधारमा अन्तिम किस्ता) भुक्तानी व्यवस्था मिलाइनेछ।

८.२ कार्यालयले सम्बन्धित पुँजीगत खर्च शीर्षकबाट साझेदारी रकम उपलब्ध गराउने साझेदारीमा पशु हाटबजार स्थापना/सुधार कार्यक्रम सञ्चालन गर्दा विनियोजित बजेटको ३ प्रतिशत बराबरको रकम कन्टिन्जेन्सी बापत कट्टा गरिनेछ। सो रकम प्रचलित कानुनले तोकेको मापदण्ड बमोजिम खर्च गर्नु पर्नेछ।

८.३ भुक्तानी सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ।

८.४ पशु हाटबजार स्थापना/सुधार कार्यक्रम सञ्चालन गर्नको लागि साझेदारी संस्थालाई कुल लागतको बढीमा ७० प्रतिशत सम्म उपलब्ध गराइनेछ।

९. **पशु हाटबजार सम्बन्धी मापदण्ड:**

९.१ यस कार्यविधि बमोजिम साझेदारीमा स्थापना/सुधार गरिने पशु हाटबजारको मापदण्ड देहाय बमोजिम हुनु पर्नेछ।

क) पशुपन्छीहरूलाई राख्न उपयुक्त गोठ खोरको व्यवस्था भएको हुनु पर्नेछ ।

ख) पशुपन्छीहरूलाई गाडीबाट ओराल्न र गाडीमा चढाउनको लागि प्लेटफर्मको व्यवस्था हुनु पर्नेछ।

ग) पशुपन्छीको बेचबिखन नहुँदा सम्म गुणस्तरयुक्त घाँस दाना र स्वच्छ पिउने पानीको व्यवस्था हुनु पर्नेछ।

घ) ढल निकासको] साथै मलमुत्रको उचित व्यवस्थापन गरेको हुनु पर्नेछ।

ङ) पशुपन्छी तथ्याङ्क सङ्कलन र नियमित अद्यावधिक गर्ने व्यवस्था हुनु पर्नेछ।

च) आकस्मिक उपचार तथा खोप सेवा सहितको भेटेरीनरी डिस्पेन्सरीको व्यवस्था गरिएको हुनु पर्नेछ ।

छ) आकस्मिक रूपमा पशुपन्छीहरू बिमारी भएमा रोगी तथा बिरामी पशुपन्छीहरूलाई अलग राख्ने व्यवस्था हुनु पर्नेछ।

ज) जैविक सुरक्षाका उपायहरू अवलम्बन गरिएको हुनु पर्नेछ।

झ) बारबन्देजको व्यवस्था गरिएको हुनु पर्नेछ तर काँढेतारको प्रयोग गर्न पाइने छैन।

ञ) पशु तौलने उपकरणको व्यवस्था भएको हुनु पर्नेछ।

ट) बिजुली बत्तीको व्यवस्था भएको हुनु पर्नेछ।

ठ) सूचना पाटी, होडिङ् बोर्ड र मूल्य सूचीको व्यवस्था हुनु पर्नेछ।

ड) व्यापारी/खरिदकर्ता र पशुहरूलाई खानेपानीको व्यवस्था भएको हुनु पर्नेछ ।

ढ) आवश्यकता अनुसार शौचालय र खाजा घरको व्यवस्था भएको हुनु पर्नेछ ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा

सचिव

ण) फोहोर व्यवस्थापनको लागि बायोग्यौंस प्लान्ट स्थापना भएको हुनु पर्नेछ।

त) फोहोरमैला सङ्कलन गर्ने भाँडा, औजार, उपकरणको व्यवस्था भएको हुनु पर्नेछ।

थ) पशु हाटबजार कार्यालय , पशुपन्छी स्वास्थ्य परीक्षण र औषधोपचार केन्द्रको कोठा निर्माण गरेको तथा पशु हाटबजार प्रवेश मार्ग सुधार गरेको हुनु पर्नेछ।

९.२ यस कार्यविधि बमोजिम अनुदान रकमबाट स्थापना/सुधार गरिने पशु हाटबजारमा निम्न अनुसारका न्यूनतम पूर्वाधारहरू हुनु पर्नेछ।

क) पशु हाटबजारलाई पर्खालले घेरेर भित्र पस्न र निस्कनको लागि निश्चित स्थानमा ढोकाको व्यवस्था।

ख) पशु हाटबजारमा जैविक सुरक्षा सुनिश्चित गर्न मुलढोकामा अनिवार्य रूपमा निसङ्क्रमणको व्यवस्था। अनिवार्य रूपमा निसंक्रण गर्ने औषधियुक्त र उपयुक्त क्षेत्रमा डिस्पोजल पिटको व्यवस्था।

ग) विभिन्न जातका पशुहरू राख्नको लागि अलगअलग स्थानको व्यवस्था।

घ) पशुहरू राख्ने टहराको व्यवस्था।

ङ) पशु तथा मानिसका लागि स्वच्छ तथा सफा पिउने पानीको व्यवस्था।

च) पशुहरूको लागि आवश्यक पर्ने दाना, घाँस, नल, पराल आदि राख्ने ठाँउको उचित व्यवस्था।

छ) पशुहरूलाई लोड अनलोड गर्ने प्लेटफर्मको व्यवस्था।

ज) कृषक, व्यवसायी, खरिदकर्ता तथा विक्रेताहरूको लागि विश्राम गृह तथा शौचालय व्यवस्था।

झ) पशु हाटबजारमा ल्याइने र विक्री गरिने पशुको रेर्कड अद्यावधिक राख्नको लागि अभिलेखीकरणको आवश्यक व्यवस्था।

ञ) पशु हाटबजारभित्र पशु स्वास्थ्य सेवा प्रदान गर्न तथा विक्री भएका पशुहरूको स्वास्थ्य परीक्षण गरी निरोगिताको प्रमाणपत्र जारी गर्नका लागि नेपाल पशु चिकित्सा परिषदमा दर्तावाल भेटेरिनरियन र डिस्पेन्सरी सेवाको व्यवस्था।

ट) तराई क्षेत्रका पशु हाटबजार परिसरमा Concrete Wallowing Pond वा Shower को व्यवस्था।

९.३ पशु हाटबजार स्थापना/सुधारका लागि सम्बन्धित साझेदारले तराईमा भए कम्तीमा १० कठ्ठा र पहाडमा भए ५ रोपनी आफ्नै स्वामित्वको जग्गाको जग्गाधनी प्रमाणपुर्जा वा १० वर्षसम्म जग्गा भाडामा लिएको सम्झौता पत्र प्रस्ताव पत्रका साथ पेश गर्नु पर्नेछ।

९.४ यस कार्यविधि बमोजिम स्थापना/सुधार गरिने पशु हाटबजारमा व्यवस्थापन समितिको गठन, सहभागितामूलक गुरुयोजना तर्जुमा र बजार सञ्चालनबाट भएको आम्दानीको १५ प्रतिशत रकम वार्षिक रूपमा बजार पूर्वाधार निर्माण, मर्मत सम्भार र व्यवस्थापनमा खर्च गर्ने जस्ता कार्यहरू गर्नु पर्नेछ।

९.५ यस कार्यविधि बमोजिम स्थापना/सुधार हुने पशु हाटबजारको स्वामित्व र सञ्चालन गर्ने दायित्व सम्बन्धित साझेदारको हुनेछ। तर सम्बन्धित स्थानीय तहको पशु सेवा शाखा वा पशु सेवा विज्ञ केन्द्रको सहमति लिई स्थानीय तह/ सहकारी संस्था/व्यवसायिक सङ्घ/सङ्गठन, गैर सरकारी संस्था, सामुदायिक संस्था, उद्यमी र व्यवसायीहरूलाई निजको कार्यानुभव र व्यवस्थापकीय क्षमताको आधारमा स्वामित्व यथावत राखी व्यवस्थापन र सञ्चालन ससर्त हस्तान्तरण गर्न सकिनेछ।

प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय गण्डकी प्रदेश पोखरा

सचिव

९.६ प्रदेश सरकारको समेत आर्थिक लगानीमा स्थापना/सुधार गरिएको पशु हाटबजारको भौतिक संरचनामा परिवर्तन गर्नुपर्ने, भत्काउनु वा हटाउनु पर्ने भएमा सम्बन्धित कार्यालयको पूर्व स्वीकृति अनिवार्य रूपमा लिनुपर्नेछ।

९.७ सम्झौता भएपछि बहुवर्षीय रूपमा बजेटको व्यवस्था गरी निर्माण कार्य सम्पन्न गर्न सकिनेछ। साथै समय थप गरी कार्य सम्पन्न गर्न सकिनेछ।

९.८ भुक्तानी हुन पूर्व IEE को प्रतिवेदन प्राप्त भएको हुनु पर्नेछ।

## परिच्छेद ४

**१०. <u>अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन सम्बन्धी व्यवस्था:</u>**

१०.१ अनुदान प्राप्त फर्महरूको अनुगमन मन्त्रालय र सम्बन्धित कार्यालयले गर्नेछ। सो को मासिक प्रतिवेदन र प्रगति सम्बन्धित प्रादेशिक पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयमा पठाउनु पर्नेछ ।

१०.२ मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन सम्बन्धित कार्यालयले मन्त्रालयमा पठाउनु पर्नेछ ।

**११. लेखापरीक्षण:**

कार्यक्रमको लेखा, लेखापरीक्षण तथा आर्थिक कारोवार प्रचलित कानुन बमोजिम गरिने छ।

**१२. संशोधन :**

१२.१ यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन मन्त्रालयले आवश्यकता अनुसार थपघट गर्न सक्नेछ।

१२.२ यस कार्यविधिको कार्यान्वयमा कुनै बाधा, अड्काउ र अस्पष्टता आएमा अन्तिम निर्णय मन्त्रालयको हुनेछ।

सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

## अनुसूची १

दफा ५, उपदफा १ सँग सम्बन्धित

**प्रस्ताव आह्वानको सूचना**

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय/भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र/स्थानीय तह

पोखरा /........./....................

**प्रथम पटक प्रकाशित मिति २०.../.../...**

यस मन्त्रालय/ निर्देशनालय/ विज्ञ केन्द्र/ स्थानीय तहको आ.व.२०.../... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार पशु हाटवजार स्थापना/सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५ वमोजिम लागत साझेदारीमा सञ्चालन गर्न इच्छुक– जिल्ला समन्वय समिति/ महानगरपालिका/ उपमहानगरपालिका/ नगरपालिका/ गाउँपालिका/ सहकारी संस्था/ व्यावसायिक सङ्घ/सङगठन/फर्म/कम्पनी/ निजी उद्यमी व्यवसायी/ कृषक समूह/समितिहरूले यो सूचना प्रकाशित भएको मितिले ३०औं दिन सम्म कार्यालय समयभित्र प्रस्ताव दर्ता गर्नुहुन आह्वान गरिन्छ ।

| क.स. | कार्यक्रमहरू | सङ्ख्या | कुल अनुदान रकम रु |
|---|---|---|---|
| १ | पशु हाटबजार स्थापना/सुधार कार्यक्रम | | |
| | | | |

नोटः अनुदान रकमको **३ प्रतिशत कन्टिन्जेन्सी** बापत कट्टा गरिनेछ ।

**प्रस्तावका साथ समावेश गर्नुपर्ने कागजातहरू:**

१. सहकार्यको लागि रु १० को हुलाक टिकट टाँस गरेको अनुसूची ६ बमोजिमको निवेदन ।

२. व्यक्तिगत सझेदारको हकमा आवेदकको नेपाली नागरिकताको प्रतिलिपि ।

३. सम्वन्धित कार्यालयले तोकेको ढाँचामा तयार गरिएको अनुसूची २ अनुसारको प्राविधिक र अनुसूची ३ अनुसारको आर्थिक प्रस्ताव तथा संक्षिप्त व्यवसायिक कार्ययोजना समेत ।

४. मन्त्रालय र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयको प्रस्ताव आह्वानमा सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको सिफारिस र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको प्रस्ताव आह्वानमा स्थानीय तह र पशु सेवा शाखाको सिफारिसपत्र र स्थानीय तहको प्रस्ताव आह्वानमा सम्वन्धित पशु सेवा केन्द्र र वडाको सिफारिस पत्र ।

प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय गण्डकी प्रदेश पोखरा

सचिव

६

५. कार्यक्रम कार्यान्वयन स्थलको प्रस्तावक आफ्नै नाममा भएको जग्गाको स्वामित्व देखिने कागजातको प्रतिलिपि वा जग्गा भाडामा भएमा कम्तीमा १० वर्ष जग्गा भाडामा लिएको सम्झौतापत्र।

६. प्रचलित कानुन बमोजिम आधिकारिक निकायमा संस्था/फर्म/व्यवसाय दर्ता नवीकरण गरेको प्रतिलिपि।

७. सहकारी संस्था/व्यवसायिक संस्था/फर्म/कम्पनी/कृषक समूह/समितिको हकमा मूल्य अभिवृद्धि कर (VAT) वा स्थायी लेखा नम्वर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि र कार्यसमितिको निर्णय।

८. कार्यक्रम कार्यान्वयन वर्ष अघिको लेखापरीक्षण प्रतिवेदन र/वा कर चुक्ता/दाखिलाको प्रतिलिपि ।

९. प्रस्तावकले कम्तीमा ३० प्रतिशत लागत साझेदारी गर्ने प्रतिबद्धता पत्र र अन्य निकायबाट अनुदान नलिएको भए प्रमाण सिफारिस पत्र र सो लिएको भए सो खुल्ने प्रमाण सिफारिसपत्र।

१०. प्रस्ताव अनुसारको डिजाइन तथा लागत अनुमान।

११. सम्वन्धित विषयको तालिमको प्रमाणपत्रको प्रतिलिपि।

१२. प्रस्तावकको वित्तीय क्षमता प्रमाणित गर्ने कागज – बैङ्क ग्यारेन्टी, टर्नओभर, बैङ्क ब्यालेन्स आदि।

नोटः प्रस्ताव र संक्षिप्त व्यवसायिक कार्ययोजनाको ढाँचा तथा कार्यक्रम कार्यान्वयन कार्यविधिहरू यस मन्त्रालयको वेवसाइट www.molmac.p4.gov.np बाट डाउनलोड गर्न सकिनेछ । अन्य थप जानकारीका लागि फोन नं. ०६१४६३०८० मा सम्पर्क गर्नुहुन अनुरोध छ।

सचिव

## अनुसूची २

दफा ५, उपदफा २ सँग सम्बन्धित

### प्रस्तावको नमुना

| पशु हाट्वजार स्थापना/सुधार कार्यक्रम सञ्चालन सम्बन्धी प्रस्ताव | | |
|---|---|---|
| **क) प्राविधिक प्रस्ताव** | | |
| १ | प्रस्तावित कार्यक्रमको नाम | |
| २ | कार्यक्रम कार्यान्वयन हुने स्थानको ठेगाना | |
| ३ | आवेदकको नाम | |
| ४ | ठेगाना | |
| ५ | आवेदकको सम्पर्क टेलिफोन नं. / मोबाइल नं. | |
| ६ | आवेदक संस्था/फर्म/ कम्पनी/उद्योग/ व्यवसायको दर्ता नम्बर | |
| ७ | भ्याट/पान दर्ता नम्बर | |
| ८ | दर्ता भएको कार्यालय र मिति | |
| ९ | आवेदक संस्था/फर्म/कम्पनी/उद्योग/व्यवसायको सञ्चालन अवधि (दर्ता पश्चातको अवधि) | |
| १० | प्रस्तावित कार्यक्रमको अनुमानित लागत रु | |
| ११ | प्रस्तावकले आफ्नै स्रोतबाट व्यहोर्ने रकम रु | |
| १२ | सम्वन्धित कार्यालयसँग माग रकम रु | |
| १४ | वार्षिक रूपमा अपेक्षित कारोवार विवरण उल्लेख गर्ने | |
| १५ | पशु हाटबजार सम्बन्धी आवेदकको अनुभव र तालिम (अवधि समेत खुलाउने) | |
| १६ | वातावरणीय असर न्यूनीकरणका लागि अपनाइने उपाय | |
| **ख) आर्थिक प्रस्ताव** | | |
| प्राविधिक प्रस्तावमा उल्लेखित क्रियाकलापहरूको लागत अनुमान र सहकार्यको विस्तृत विवरण | | |

सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

| क्र. स | मुख्य क्रियाकलापहरू | एकाइ | परिमाण | कुल लागत रकम (रु) | प्रस्तावकको योगदान (रु) | सम्बन्धित कार्यालयबाट माग गरेको रकम (रु) | प्रस्तावकले व्यहोर्ने रकमको स्रोत |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| जम्मा (रु) | | | | | | | |
| भ्याट (रु) | | | | | | | |
| कुल जम्मा (रु) | | | | | | | |

माथि उल्लिखित सम्पूर्ण विवरणहरू सही रूपमा पेश गरेको छु/छौं, कहीं कतै झुठो ठहरेमा कानुन बमोजिम सजाय भोग्न तयार रहेको व्यहोरा समेत अवगत गराउँदछु/छौं ।

प्रस्तावक (स्थानीय निकाय/सहकारी संस्था/व्यवसायिक संस्था/फर्म/कम्पनी/उद्यमीको पदाधिकारी) को

| | |
|---|---|
| नाम: | |
| हस्ताक्षर: | |
| पद: | |
| सम्पर्क नं | |
| मिति: | |
| कार्यालय/संस्था/फर्मको छाप: | |

नोट: आवश्यकता अनुसार लाइनहरू थप गर्न वा पेज सेटअप मिलाउन सकिनेछ।

सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

## अनुसूची ३

दफा ५, उपदफा २ सँग सम्बन्धित

## संक्षिप्त व्यवसायिक कार्ययोजनाको नमुना

पशु हाटबजार स्थापना/सुधार कार्यक्रम कार्यान्वयन सम्बन्धी संक्षिप्त व्यवसायिक कार्ययोजना

| | |
|---|---|
| १. | **पृष्ठभूमि** |
| | पशु हाटबजार स्थापना/सुधार कार्यक्रम सुरु गर्नु पर्ने कारण र समग्र परिस्थित बारे उल्लेख गर्ने । |
| | |
| | **विद्यमान भौतिक तथा अन्य पूर्वाधारहरू** |
| २. | पशु हाटबजार स्थापना/सुधार कार्यक्रम सम्पन्न गर्नका लागि आवेदकसँग विद्यमान भौतिक, वित्तीय र प्राविधिक क्षमता वर्णन गर्ने |
| ३. | भावी योजना |
| | पशु हाटबजार स्थापना/सुधार कार्यक्रम सञ्चालनबाट हासिल हुने प्रत्यक्ष र अप्रत्यक्ष लाभ उल्लेख गर्ने |
| ५. | कार्यक्रम/व्यवसायको सम्भाव्यता विश्लेषण |
| | **वातावरणीय प्रभाव विश्लेषण** |
| ६. | प्रस्तावित कार्यक्रम/व्यवसायले वातावरणमा पार्ने सकारात्मक/ नकारात्मक प्रभावहरूको आँकलन गरी नकारात्मक प्रभाव न्यूनीकरणका लागि के कस्ता उपायहरू अवलम्बन गरिने छ भन्ने उल्लेख गर्ने । |
| | **प्रस्तावित लाभग्राही विश्लेषण** |
| ७. | लागत लाभ विश्लेषण |
| | पूर्वानुमानहरूको आधारमा लागत लाभ विश्लेषण गरिएको छ भन्ने कुरा उल्लेख गरी निम्न तालिका बमोजिम आम्दानी खर्चको अनुमान लगाउने । |

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

| | विवरण | प्रथम वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | जम्मा |
|---|---|---|---|---|---|
| १. | पुँजीगत खर्च | | | | |
| | भौतिक निर्माण | | | | |
| | मेसिनरी/उपकरण | | | | |
| | कुल पुँजीगत खर्च | | | | |
| २. | चालु खर्च | | | | |
| | उत्पादन लागत | | | | |
| | कर्मचारीलाई तलव, भत्ता भुक्तानी | | | | |
| | श्रमिकको ज्याला भुक्तानी | | | | |
| | भाडा, पानी, विजुली, सञ्चार, बिमा खर्च | | | | |
| | मर्मत सम्भार खर्च | | | | |
| | विज्ञापन/विक्री वितरण खर्च | | | | |
| | ब्याज भुक्तानी | | | | |
| | कुल चालु खर्च | | | | |
| ३. | जम्मा खर्च | | | | |
| | व्याज रहित अनुदान | | | | |
| | आफ्नै आयबाट व्यहोरिने रकम | | | | |
| | व्याज तिर्नुपर्ने रकम | | | | |
| ४. | अपेक्षित जम्मा आम्दानी रु | | | | |
| | मुख्य उत्पादन विक्री | | | | |
| ५. | सहायक उत्पादन विक्री | | | | |
| | कुल आम्दानी | | | | |
| ६. | खुद मुनाफा | | | | |
| ७. | साँवा भुक्तानी | | | | |
| | | | | | |
| | | | | | |

| प्रस्तावक | |
|---|---|
| नामः | |
| ठेगानाः | |
| हस्ताक्षरः | |
| पदः | |
| संस्थाको छापः | |

प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय गण्डकी प्रदेश पोखरा

सचिव

# अनुसूची ४

दफा ५, उपदफा २ सँग सम्बन्धित

## लागत साझेदारी गर्ने प्रतिबद्धता पत्र

श्री ........................................ कार्यालयको मिति ......................... को ................ मा प्रकाशित सूचना अनुसार ............................ म.न.पा/उ.म.न.पा./न.पा./गा.पा. ........ वार्ड नं. ........................ गाउँ/टोल बस्ने श्री .................................. ले लागत साझेदारीमा .................................... कार्यक्रम सञ्चालनका लागि पेश गरेको आर्थिक प्रस्ताव अनुसार कुल लगानी रु .................. को ....... प्रतिशतले हुन आउने रु ................. अक्षरुपी .......................... बराबरको लगानी आफ्नो आन्तरिक स्रोतबाट व्यहोरी कार्यक्रम सम्पन्न गर्ने प्रतिबद्धता जाहेर गर्दछु ।

निवेदकको

दस्तखतः

नामः

फर्मको नामः

ठेगानाः

मोबाइल न.

मितिः

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

सचिव

## अनुसूची ५

दफा ५, उपदफा २ सँग सम्बन्धित

### सम्बन्धित निकायको सिफारिसपत्र

श्री ................................ कार्यालयको मिति ................................ को ........................ मा प्रकाशित सूचना अनुसार ................................... म.न.पा./न.पा./गा.पा. .......... वार्ड नं. ................ गाउँ टोल वस्ने श्री ................................... ले लागत साझेदारीमा .................................... कार्यक्रम सञ्चालनका लागि पेश गरेको विवरण सही रहेको र निज उक्त कार्यक्रम सञ्चालनका लागि उपयुक्त भएकाले निजको प्रस्ताव छनौट प्रक्रियामा संलग्न गरिदिनु हुन सिफारिस गरिएको व्यहोरा अनुरोध गर्दछु ।

सिफारिस गर्नेको

दस्तखत:

नाम:

मिति:

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

सचिव

## अनुसूची ६

दफा ५, उपदफा २ सँग सम्बन्धित

## निवेदनको ढाँचा

श्री .................................

विषयः प्रस्ताव पेश गरिएको बारे ।

ताहाँ कार्यालयको मिति.......................... को .................. मा प्रकाशित सूचना अनुसार म निवेदकले तपसिल बमोजिमको कार्यक्रम लागत साझेदारीमा सञ्चालन गर्न इच्छुक भई आवश्यक कारवाहीको लागि यो निवेदन पेश गरेको छु ।

निवेदकको दस्तखत:

मिति:

प्रस्तावकको नाम र थर:

स्थायी ठेगाना:

प्रस्तावित कार्यक्रमको नाम:

कार्यक्रम सञ्चालन हुने स्थानको पूरा ठेगाना:

संलग्न कागजातहरूको सूची:

| क.स. | कागजातको विवरण | संलग्न सङ्ख्या |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

सचिव

अनुसूची ७

दफा ६, उपदफा २ सँग सम्बन्धित

## प्रस्ताव मूल्याङ्कन फारम

| क्र.सं. | मूल्याङ्कनका आधारहरू | भार प्रतिशत | प्रासाङ्क |
|---|---|---|---|
| १. | **आवदेक सम्बन्धी** | | |
| १.१ | संस्था सञ्चालन अवधि | (१०) | |
| | (१ वर्षका लागि अङ्क १ र १० वा वढी वर्षलाई अङ्क १०) | | |
| २. | **कार्यक्रम कार्यान्वयन स्थलको भौतिक पूर्वाधारको अवस्था** | (२०) | |
| २.१ | सडक विजुली, खानेपानीको सुविधा भएको | १० | |
| २.२ | आफ्नै स्वामित्वको भवन, भौतिक पूर्वाधार, सवारी साधन, यन्त्र/उपकरण भएको | १० | |
| ३. | **प्राविधिक दक्षता/सम्बन्धित विषयको तालिम (संस्थाको हकमा स्थायी कामदारहरूको योग्यता)** | (५) | |
| ३.१ | तालिम लिए /नलिएको | ५ | |
| ४. | **वित्तीय क्षमता र अन्य निकायबाट पनि साझेदारी हुने प्रतिबद्धता भएको** | (१०) | |
| ५. | **बजारको अवस्था** | (५) | |
| ५.१ | महानगरपालिका | ५ | |
| ५.२ | नगरपालिका | ३ | |
| ५.३ | गाउँपालिका | २ | |
| ६. | **वातावरणीय उपयुक्तता** | (१०) | |
| ६.१ | वातावरणीय प्रभाव आँकलन गरिएको | ५ | |
| ६.२ | वातावरणीय प्रभाव न्यूनीकरणका उपायहरू सामेल गरिएको | ५ | |
| ७. | **प्रस्तावित कार्यक्रम सञ्चालन स्थलको उपयुक्तता** | (१०) | |
| ८. | **प्राविधिक र आर्थिक प्रस्तावको गुणस्तर तथा सान्दर्भिकता** | (१०) | |
| ८.१ | व्यवसायिक कार्ययोजनाको स्पष्टता | ५ | |
| ८.२ | मन्त्रालय वा निर्देशनालयको फर्म्याट फलो गरेको | ५ | |
| ८.३ | सम्वन्धित स्थानीय पशु सेवा शाखाको सिफारिस | (५) | |

प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय गण्डकी प्रदेश पोखरा

सचिव

| | | | |
|---|---|---|---|
| ८.४ | स्थानीय निकायको सिफारिस | (५) | |
| ८.५ | स्थानीय बासिन्दाबाट विरोध नहुने प्रतिबद्धता/ सर्जिमिन मुचुल्का | (५) | |
| ८.६ | लेखापरीक्षण प्रतिवेदन /कर चुक्ता प्रमाण/ दर्ता नवीकरण | (५) | |
| | **जम्मा** | १०० | |

**स्थलगत प्रमाणीकरण टोलीको राय**

स्थलगत प्रमाणीकरणमा भेटिएका तथ्यहरूको आधारमा आवेदकसँग लागत साझेदारी गरी प्रस्तावित कार्यक्रम सञ्चालन गर्न उपयुक्त हुन्छ/हुँदैन भनी राय पेश गर्ने ।

| क. स. | नाम | हुन्छ/ हुँदैन | दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

सचिव

## अनुसूची ८

दफा ७, उपदफा १ सँग सम्बन्धित

### पशु हाटबजार स्थापना/सुधार कार्यक्रमको द्विपक्षीय सम्झौतापत्र

प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र ...................... कार्यालयको आर्थिक वर्ष ................... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार लागत साझेदारीमा ......................... कार्यक्रम सञ्चालन गर्न श्री ...................................... कार्यालय, (यसपछि प्रथम पक्ष भनिने) र श्री .........................., (यसपछि दोस्रो पक्ष भनिने) बीच तपसिल बमोजिमका सर्तहरू परिपालना गर्ने गरी द्विपक्षीय सम्झौता गरिदियौं/लियौं ।

**तपसिल**

१. प्रथम पक्षले ...................... कार्यक्रमको लागि विनियोजित रु........... मध्ये ३ प्रतिशत कन्टिनजेन्सी बापतको रु ............ कट्टा गरी दोस्रो पक्षलाई रु.............. (अक्षरुपी.............) बराबरको आर्थिक अनुदान सामग्री सहयोग प्रदान गर्नेछ ।

२.दोस्रो पक्षले बाँकी रकमको व्यवस्था गरी ................जिल्ला ............... म.न.पा./न.पा./गा.पा. ......... नं. वडाको ................. भन्ने स्थानमा यसै आर्थिक वर्षको अन्त्य सम्ममा कार्यक्रम सम्पन्न गर्नेछ ।

३. दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव पत्र अनुसारको डिजाइन र इस्टिमेट अनुसारका सम्पूर्ण कार्यहरूको उच्च गुणस्तर कायम राखी निर्धारित समयभित्र सम्पन्न गर्नेछ ।

४. कार्यक्रम सञ्चालनका लागि आवश्यक निर्माण सम्बन्धी डिजाइन, इष्टिमेट, सुपरभिजन, रनिङ बिल, अन्तिम बिल र कार्य सम्पन्न प्रतिवेदन लगायतका सबै प्राविधिक कार्यहरू तथा निर्माण, खरिद, ढुवानी, सञ्चालन र जग्गाको व्यवस्था आदि दोस्रो पक्षले गर्नेछ ।

५. दोस्रो पक्षले सुरुमा आफ्नोतर्फको लगानीबाट सम्पन्न भएको कामको नियमानुसारको भ्याट बिल, दाखिला प्रतिवेदन, कार्यसम्पन्न प्रतिवेदन र आवश्यक अन्य कागजात सहित भुक्तानीका लागि प्रथमपक्ष समक्ष पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिव ठहरे दोस्रो पक्षको बैङ्क खातामा एकमुष्ठ भुक्तानी दिनेछ ।

६. नेपाल सरकारबाट मान्यता प्राप्त प्राविधिकले तयार गरेको रनिङ् बिल तथा कार्य सम्पन्न प्रतिवेदन र स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिव ठहरे दुई वरावर किस्तामा वा सम्पूर्ण कार्य सम्पन्न भएमा एकै किस्तामा समेत अनुदान रकमको भुक्तानी वैङ्कखाता मार्फत गर्नेछ ।

७. प्रथम पक्षले कुनै पनि बखत सञ्चालित कार्यको अनुगमन/निरीक्षण गरी सम्झौता मुताविक कार्य भए/नभएको हेर्न र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ ।

८. दोस्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा सबैले देख्ने गरी अनिवार्य रूपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लिखित वोर्ड सवैले देख्ने गरी राख्नेछ ।

९. कार्यक्रम सञ्चालनका वा सो पश्चातको सञ्चालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनका लागि गरिने कार्यहरू तथा अप्रत्याशित रूपमा सिर्जित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय गण्डकी प्रदेश पोखरा

सचिव

१०. दोस्रो पक्षले नियमित रूपमा (कम्तीमा चौमासिक अवधिमा) कार्यक्रमको प्रगति, उपलब्धि एवम् कारोवार सम्वन्धी विवरणहरू सम्वन्धित स्थानीय निकाय मार्फत प्रथम पक्षलाई अनिवार्य रूपमा उपलब्ध गराउनु पर्नेछ ।

११. कार्यक्रम सञ्चालनका दौरान कुनै कुरामा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

१२. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानुन र दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

१३. द्विपक्षीय सम्झौता मुताविकको काम नभइ रकम दुरूपयोग भएको पाइएमा प्रचलित कानुन बमोजिम कारवाही हुने छ।

१४. दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव मुताविकको डिजाइन, इस्टिमेट र दरभाउ मेसिनरी, उपकरण र अन्य सामानहरू खरिद गर्नु पूर्व प्रथम पक्षसँग स्वीकृत गराइ सम्पूर्ण कार्यहरू उच्च गुणस्तर कायम राखी निर्धारित समयभित्र सम्पन्न गर्नु पर्नेछ । यसो नगरेको खण्डमा प्रथम पक्ष रकम भुक्तानी दिन बाध्य हुने छैन ।

**दोस्रो पक्षको तर्फबाट**

हस्ताक्षर

नामः

पदः

कार्यालयः

कार्यालयको छापः

**प्रथमपक्षको तर्फबाट**

हस्ताक्षर

नामः

पदः

कार्यालयः

कार्यालयको छापः

**रोहवर**

हस्ताक्षर

नामः

पदः

कार्यालयः

कार्यालयको छापः

हस्ताक्षर

नामः

पदः

कार्यालयः

कार्यालयको छापः

इति संवत् .......... साल ............ महिना ......... गते रोज ........ शुभम् ।

**नोटः** द्विपक्षीय सम्झौतामा आवश्यकता मुताविकका अन्य सान्दर्भिक बुँदाहरू थप गर्न सकिनेछ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

सचिव

## अनुसूची ९

दफा ६, उपदफा १ सँग सम्बन्धित

## छनौट समिति

क) भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले आह्वान गरेको प्रस्ताव सिफारिस समिति निम्नानुसारको हुने छ।

| | | |
|---|---|---|
| १। कार्यालय प्रमुख, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | १ जना | संयोजक |
| २। भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको अधिकृत | १ जना | सदस्य |
| ३। जिल्ला समन्वय समितिको अधिकृत प्रतिनिधि | १ जना | सदस्य |

ख) पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयले आह्वान गरेको प्रस्ताव छनौट समिति निम्नानुसारको हुने छ।

| | | |
|---|---|---|
| १। निर्देशक, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | १ जना | संयोजक |
| २। मन्त्रालय प्रतिनिधि, पशुपन्छी विकास महाशाखा | १ जना | सदस्य |
| ३। प्रशासन शाखा प्रमुख, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | १ जना | सदस्य |

**नोटः यसरी छनौट भई आएका प्रस्तावहरू मन्त्रालयले स्वीकृत गर्नेछ ।**

सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा